जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक
MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः ९७ पृष्ठः ४ | २०८३ साउन २० बुधबार (Wednesday 05 Aug. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## गोलबजार घटना : उच्चस्तरीय छानबिन समितिद्वारा स्थानीयस्तरमा छलफल सुरु

गणेश यादवको मृत्यु भएको घटनाको छानबिन गर्न गृहमन्त्रालयले सहसचिव पुष्पराज शाहीको नेतृत्वमो उच्चस्तरीय समिति गठन गरेको थियो।



**सुरेश राय**

सिरहा, १९ साउन। सुनसरीको कप्तानगञ्ज घटनापछि भड्किएको तनावको ठूलो प्रभाव सिरहाको गोलबजारमा परेको थियो। गोलबजारमा प्रहरीको गोली समेत चल्यो। प्रहरीको गोलीबाट सिरहाको औरही गाउँपालिका-२ तुलसियाहीका १५ वर्षीय गणेश यादवको ज्यान गएको थियो। गणेशको मृत्यु भएको घटनाको छानबिन गर्न गृहमन्त्रालयले सहसचिव पुष्पराज शाहीको नेतृत्वमो उच्चस्तरीय समिति गठन गरेको थियो।

सो समिति गोलबजार पुगेर अध्ययन थालेको छ। समितिले घटनास्थलको अवलोकन, आवश्यक तथ्य तथा प्रमाण संकलन र सरोकारवालासँग छलफल गर्दै छानबिन प्रक्रिया अघि बढाएको छ। छानबिन समितिले सोमबार गोलबजारमा भएका घटनास्थलहरूको अनुगमन गरेको थियो। त्यसपछि मंगलबार बिहान गोलबजार नगरपालिकामा सर्वदलीय बैठक बसेर घटनाबारे जानकारी लिएको छ। यसैगरी, दोस्रो चरणमा उद्योग वाणिज्य संघ गोलबजारका अध्यक्ष विजय साहसहितका व्यवसायीहरूसँग बैठक बसेर आन्दोलनका क्रममा

**–बाँकी तीन पेजमा**

## कर्मचारीको प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि बनाउँदै मधेस सरकार

जनकपुरधाम, १९ साउन। आर्थिक वर्ष २०८३/०८४ को बजेट भाषणमार्फत अर्थमन्त्री स्वर्णिम वाग्लेले कर्मचारीहरूको तलबमानमा २० प्रतिशत वृद्धि गर्ने घोषणा गरेसँगै अहिले मधेस प्रदेशको अर्थ मन्त्रालयले आवश्यक कार्यविधि बनाउन थालेको छ। सरकारले कर्मचारीहरूको सुरुको तलबमा १० प्रतिशत र कार्य क्षमता मूल्याङ्कनको आधारमा थप ११ प्रतिशत वृद्धि गर्ने भनेको थियो। तर १० प्रतिशत के–कसरी दिने, त्यसको मूल्याङ्कन कसरी गर्ने भन्ने विषयमा प्रदेश सरकारको अर्थ मन्त्रालयले कार्यविधि निर्माण गरिरहेको हो।

कार्यविधिमा कार्यसम्पादन मूल्याङ्कनमा ७५ प्रतिशतभन्दा माथि अङ्क ल्याउनेले मात्र यो सुविधा पाउने व्यवस्था राख्न लागिएको छ। मन्त्रालयका उपसचिव जयकुमार राउतले मन्त्रालयबाट बनेको कार्यविधि मन्त्रिपरिषदबाट पास गरेर राजपत्रमा प्रकाशित भएपछि लागु हुने बताए। उनले भने, 'कार्यविधि सरकारबाट स्वीकृत भएपछि सम्बन्धित मन्त्रालयहरूले यसै कार्यविधिलाई टेक्दै प्रोत्साहन भत्ता दिन मिल्ने या नमिल्ने कर्मचारी छनोट गर्छन्।'

प्रोत्साहन भत्ताका लागि निर्माण हुँदै गरेको कार्यविधिमा कम्तीमा १० वटा परिसूचक हुने मन्त्रालयले जनाएको छ। कार्यविधि जारी भएपछि यसैलाई मुख्य आधार मान्दै कार्यालय प्रमुख, लेखा र प्रशासन शाखाको कर्मचारी सम्मिलित समितिले मूल्याङ्कन गर्नेछ। प्राविधिक र अप्राविधिक दुवै श्रेणीका कर्मचारीहरूको ४० अङ्क

**–बाँकी तीन पेजमा**

## सिरहामा पनि एलपी ग्यासको अभाव, घण्टौं लाइन बस्न बाध्य छन् उपभोक्ता




**सुरेश राय**

सिरहा, १९ साउन। सिरहाको गोलबजार, लहानलगायत विभिन्न क्षेत्रमा पछिल्ला केही दिनयता एलपी ग्याँसको चरम अभाव देखिएको छ। ग्यास सहज रूपमा उपलब्ध नहुँदा उपभोक्ता बिहानैदेखि खाली सिलिन्डर बोकेर ग्यास डिलरको अगाडि लामो लाइनमा बस्न बाध्य भएका हुन्। गोलबजार नगरपालिका–४, लहान नगरपालिका–३ रघुनाथपुर चोक, सडक डिभिजन कार्यालय अगाडिका ग्यास डिलरलगायत स्थानमा बिहानदेखि नै उपभोक्ताको भिड लागेको छ। डिलरहरूले ग्यास बोकेको ट्रक दिउँसो करिब २ बजे आइपुग्ने जानकारी दिएपछि उपभोक्ताहरू घण्टौं पालो कुरेर लाइनमा बसेका थिए।

**–बाँकी तीन पेजमा**




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।
- सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## आगोमा जलेको विश्वास

सुनसरीको देवानगञ्जबाट सुरु भएको साम्प्रदायिक तनाव सिरहाको गोलबजारसम्म आइपुग्दा त्यसले केवल केही घर र पसल मात्र जलाएन, नेपाली समाजको सामाजिक सद्भाव, कानूनी शासन र राज्यप्रतिको विश्वासमाथि पनि गहिरो चोट पुर्‍यायो। एउटा किशोरको मृत्यु, त्यसपछि भएको उग्र प्रदर्शन, आगजनी, तोडफोड र करोडौँ रुपैयाँको आर्थिक क्षतिले फेरि एकपटक प्रमाणित गरेको छ, हिंसाले कहिल्यै समाधान दिँदैन, यसले केवल नयाँ घाउ थप्छ।

गोलबजारमा प्रारम्भिक अनुमानअनुसार तीनवटा व्यवसायमै करिब ३० करोड रुपैयाँभन्दा बढीको क्षति भएको छ। नेहाल हार्डवेयर, सिरहा सुपरमार्केट र न्यू असलम बस्त्रालयजस्ता प्रतिष्ठानमा भएको विनाशले केवल व्यवसायीलाई मात्र होइन, त्यहाँ कार्यरत कर्मचारी, आपूर्तिकर्ता, दैनिक ज्यालादारी कामदार र उनीहरूका परिवारलाई समेत संकटमा धकेलेको छ। दशकौँको मेहनतले उभ्याएको व्यवसाय केही घण्टाको भीडको आक्रोशमा खरानी बन्नु कुनै पनि सभ्य समाजका लागि लज्जास्पद अवस्था हो।

यस घटनाले राज्य संयन्त्रको तयारी र प्रभावकारितामाथि पनि गम्भीर प्रश्न उठाएको छ। सुनसरीमा तनाव सुरु भएको धेरै दिन बितिसक्दा पनि त्यसको प्रभाव अन्य जिल्लामा फैलिन सक्ने जोखिमको पर्याप्त आँकलन किन गरिएन ? संवेदनशील क्षेत्रहरूमा समयमै संवाद, सुरक्षा सतर्कता र विश्वास निर्माणका प्रयास किन भएनन् ? प्रशासनले घटनापछि कर्फ्यु लगायो, तर हिंसा फैलिनुअघि रोकथाम गर्न नसक्नु नै सबैभन्दा ठूलो कमजोरी हो। राज्यको सफलता हिंसापछि नियन्त्रणमा होइन, हिंसा हुन नदिन सक्ने क्षमतामा मापन गरिनुपर्छ।

अर्कोतर्फ, प्रदर्शनका क्रममा प्रहरीको गोली लागेर १५ वर्षीय गणेश यादवको मृत्यु हुनु अत्यन्त दुःखद र संवेदनशील घटना हो। कुनै पनि नागरिक, विशेषगरी किशोरले ज्यान गुमाउनु लोकतान्त्रिक राज्यका लागि सामान्य घटना हुन सक्दैन। त्यसको निष्पक्ष छानबिन अपरिहार्य छ। तर त्यसैलाई आधार बनाएर अर्को समुदायका घर, पसल र सम्पत्तिमाथि आक्रमण गर्नु न्याय होइन, प्रतिशोध हो। अपराधको जवाफ अर्को अपराध हुन सक्दैन। यदि भीडलाई नै न्यायाधीश बन्न दिइयो भने राज्यको अस्तित्वको औचित्य समाप्त हुन्छ। घटनाका क्रममा केही जनप्रतिनिधिको भूमिकामाथि समेत प्रश्न उठेका छन्। सार्वजनिक भएका भिडियो र स्थानीयको दाबीले शंका उत्पन्न गरेको छ भने सम्बन्धित पक्षले आरोप अस्वीकार गरेको छ। यस्ता विवादित विषयमा अनुमान र अफवाह होइन, प्रमाण र निष्पक्ष अनुसन्धान नै अन्तिम आधार हुनुपर्छ। यदि कुनै पनि जनप्रतिनिधि, राजनीतिक कार्यकर्ता वा प्रभावशाली व्यक्तिले हिंसा भड्काउन भूमिका खेलेको प्रमाणित हुन्छ भने उनीमाथि पनि सामान्य नागरिकसरह कानूनी कारबाही हुनुपर्छ। कानूनको शासन भनेकै यही हो।

यस घटनाले अर्को गम्भीर यथार्थ पनि उजागर गरेको छ। धेरै व्यवसायीले बैंकबाट ऋण लिएर व्यापार विस्तार गरेका थिए। कतिपयले आर्थिक अभावका कारण बीमा गर्न सकेका थिएनन्। आज उनीहरू व्यवसायविहीन मात्र होइन, ऋणको भारी बोकेर भविष्यप्रति अन्योलमा छन्। यस्तो अवस्थामा सरकारको भूमिका केवल क्षतिको विवरण संकलनमा सीमित हुन सक्दैन। राहत, पुनःस्थापना, सहुलियतपूर्ण पुनर्कर्जा, कर छुट र मनोवैज्ञानिक सहयोगसम्मको समग्र योजना आवश्यक छ। पीडितलाई एक्लै छोड्ने हो भने हिंसाको अर्को मूल्य समाजले दीर्घकालसम्म तिर्नुपर्नेछ।

सबैभन्दा चिन्ताजनक पक्ष भनेको साम्प्रदायिक सम्बन्धमा परेको दरार हो। वर्षौँदेखि सँगै बस्दै आएका समुदायबीच अविश्वासको बीउ रोपियो भने त्यसलाई मेटाउन धेरै समय लाग्छ। त्यसैले राजनीतिक दल, धार्मिक अगुवा, नागरिक समाज र स्थानीय प्रशासनले आरोप–प्रत्यारोपभन्दा माथि उठेर संवाद, मेलमिलाप र विश्वास पुनःस्थापनाको अभियान सञ्चालन गर्नुपर्छ। सामाजिक सद्भाव कुनै सरकारी आदेशले कायम हुँदैनन्न न्याय, समान व्यवहार र पारस्परिक सम्मानबाट मात्र टिकाउ बन्छ।

गोलबजारको आगो निभिसकेको हुन सक्छ, तर त्यसले उठाएका प्रश्न अझै जीवित छन्। राज्यले अब केवल क्षतिको तथ्यांक गन्ने होइन, असफलताको आत्मसमीक्षा पनि गर्नुपर्छ। दोषी जोसुकै होस्, राजनीतिक पहुँच वा सामाजिक हैसियतका आधारमा उन्मुक्ति पाउने संस्कृतिको अन्त्य हुनुपर्छ। कानूनी शासन निष्पक्ष रूपमा लागू भए मात्र नागरिकमा न्यायप्रतिको विश्वास फर्कन्छ।

गोलबजारको यो घटना सम्पूर्ण मुलुकका लागि गम्भीर चेतावनी हो। यदि अफवाह, उक्साहट, राजनीतिक संरक्षण र कमजोर सुरक्षा व्यवस्थालाई समयमै नियन्त्रण गर्न सकिएन भने यस्ता घटना फेरि दोहोरिन सक्छन्। त्यसैले आजको आवश्यकता प्रतिशोध होइन, न्याय हो विभाजन होइन, सद्भाव हो र मौनता होइन, राज्यको दृढ तथा निष्पक्ष हस्तक्षेप हो। यही बाटोले मात्र जलिएको विश्वास पुनःनिर्माण गर्न सक्छ।

# अर्थतन्त्रको अदृश्य संकट : बढ्दो खर्च, घट्दो बचत



पार्वती पौड्याल "पारु"

कहिलेकाहीँ लाग्छ, मानिसहरू कमाइरहेका मात्र छैनन्, उनीहरू त जीवन धान्नकै लागि निरन्तर दौडिरहेका छन्। बिहान आँखा खुलेदेखि राति निद्रा नलागेसम्म उनीहरूको दिन अदृश्य हिसाब–किताबको घेराभित्र बित्छ, कति कमाइ भयो, कहाँ खर्च भयो, के बाँकी रह्यो र भोलि कसरी चलाउने? विडम्बना त के छ भने धेरै परिवारको आर्थिक जीवनमा 'बाँकी' भन्ने शब्द नै हराउँदै गएको छ। महिनाको तलब खातामा आउँछ, तर, टिक्दैन। आम्दानी बढे पनि बचतको आकार भने उस्तै रहन्छ, कहिलेकाहीँ झन् खुम्चिन्छ। बजार उपभोगका वस्तुले भरिएको छ, तर, धेरै परिवारका लागि घरको भान्सा नियमित चलाइराख्न सकिने हो कि होइन भन्ने चिन्ता अझै उत्तिकै गहिरो छ।

सरकारले रोजगारीको संख्या बढेको दाबी गरिरहेको छ। तर, स्थायित्व र सम्मानजनक पारिश्रमिकको प्रश्न अझै अनुत्तरित छ। प्रविधिले जीवनलाई सुविधाजनक बनाएको छ। तर, जीवनयापनको लागत, आर्थिक असुरक्षा र मानसिक दबाब झन् गहिरिँदै गएको छ। त्यसैले आजको आर्थिक संकटलाई 'गरिबी' भनेर बुझ्नु मात्र पर्याप्त छैन। आम्दानी र खर्चबीच तीव्र गतिमा फैलिँदै गएको खाडल हाम्रो समयको गम्भीर सामाजिक र आर्थिक चुनौती हो। यसको सम्बन्ध व्यक्तिको खर्च गर्ने बानीसँग मात्र छैन। यसले राज्यको नीति, बजारको संरचना, उत्पादन प्रणाली, रोजगारीको अवस्था, सामाजिक संस्कार र राजनीतिक प्राथमिकतालाई समेत कठघरामा उभ्याउँछ।

कमाइभन्दा तीव्र गतिमा बढिरहेको जीवनयापनको लागत सामान्य परिवारको मासिक आम्दानीको ठूलो हिस्सा घरभाडा, खाद्यान्न, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, विद्युत्, पानी, कर तथा दैनिक उपभोगमा खर्च हुन्छ। महिनाको सुरुवातमा प्राप्त भएको तलब अन्त्यसम्म आइपुग्दा प्रायः हिसाबको एउटा पुरानो पाना मात्र बाँकी रहन्छ। आकस्मिक रोग, दुर्घटना, बेरोजगारी वा पारिवारिक संकट आइपर्दा वर्षौंको कमाइ केही दिन मै समाप्त हुन सक्छ। एक सामान्य स्वास्थ्य समस्या आर्थिक संकटमा परिणत हुन्छ। छोराछोरीको विद्यालय शुल्क ऋणको कारण बन्छ। रोजगारी गुम्नु भनेको मासिक तलब गुम्नु मात्र होइन, त्यससँगै घरभाडा, भोजन, शिक्षा, उपचार र भविष्यको सुरक्षा सबै जोखिममा पर्नु पनि हो।

यस्तो अवस्थामा नागरिकलाई केवल 'खर्च घटाऊ' भन्नु सहज छ। तर, वास्तविक प्रश्न अझ गम्भीर छ, घटाउने खर्च कुन हो? घरभाडा मनलाग्दी घटाउन सकिँदैन। विद्यालय शुल्क अभिभावकको इच्छाले निर्धारण हुँदैन। अस्पतालको बिल बिरामीले तय गर्दैन। खाद्यान्न, यातायात, विद्युत् र दैनिक आवश्यकताका वस्तुहरू उपभोक्ताले आफ्नो सुविधाअनुसार मूल्य तोकेर किन्न सक्दैन। यसैले प्रत्येक आर्थिक कठिनाइ व्यक्तिगत अनुशासनको परिणाम हुँदैन। धेरै मानिसले अनावश्यक विलासिता त्यागिसकेका हुन्छन्, तर पनि उनीहरूको आयले आधारभूत आवश्यकता पूरा गर्न संघर्ष गरिरहेको हुन्छ।

महँगी बजारमा बढेको मूल्यको सूची मात्र होइन, यो नागरिकको मनमा जम्मा हुँदै गएको अदृश्य दबाब पनि हो। छोराछोरीको शुल्क तिर्ने दिन अभिभावकको चिन्ता, बिरामी पर्दा अस्पताल जानु अघि सिर्जना हुने आर्थिक भय, महिनाको अन्त्यमा तलब आउनु अघि नै आय कहाँ–कहाँ खर्च भइसकेको हुन्छ भन्ने तनाव। यी सबै महँगीका मानवीय अनुहार हुन्। आज धेरै मानिसहरू बाहिरबाट सम्पन्न देखिन्छन्। तर, आर्थिकरूपमा सुरक्षित छैनन्। हातमा स्मार्टफोन, सडकमा मोटरसाइकल, गाडी छन्, शरीरमा राम्रो पहिरन र सामाजिक सञ्जालमा मुस्कान देखिए पनि बैंक खातामा आकस्मिक संकट धान्न सक्ने रकम नहुन सक्छ।

यही हाम्रो समयको गम्भीर विरोधाभास हो। बाहिरी जीवन सामान्य देखिन्छ, भित्री जीवन आर्थिक तनावले थिचिएको हुन्छ। विकासको वास्तविक परीक्षा ठूला भवन, चौडा सडक र चम्किला तथ्याङ्कमा मात्र हुँदैनन्। यसको सबैभन्दा विश्वसनीय परीक्षण नागरिकको भान्सामा हुन्छ। चुलो नियमित बलिरहेको छ कि छैन? बिरामी पर्दा उपचार सम्भव छ कि छैन छोराछोरीलाई गुणस्तरीय शिक्षा दिलाउन सकिन्छ कि सकिँदैन? रोजगारी गुम्दा परिवार भोकको संकटमा पुग्छ कि पुग्दैन? महिनाको अन्त्यमा आवश्यक खर्च पूरा गरेपछि केही रकम सुरक्षित रहन्छ कि रहँदैन? यी प्रश्नको उत्तर बिना विकासका ठूला घोषणा अधुरा हुन्छन्। राष्ट्रिय आयको औसत बढ्दैमा प्रत्येक परिवार समृद्ध हुँदैन। प्रतिव्यक्ति आयको तथ्याङ्कले समग्र तसिबर देखाउन सक्छ। तर, परिवारको वास्तविक आर्थिक अवस्था लुकाउन पनि सक्छ।

औसत तथ्याङ्कले असमानता ढाक्न सक्छ, तर महिनाको अन्त्यमा खाली भएको भान्साले वास्तविकता लुकाउँदैन। राष्ट्रको आर्थिक प्रगति त्यति बेला नागरिकको जीवनमा अनुभूत हुन्छ, जब आम्दानीले आवश्यकताहरू धान्छ, बचतको सम्भावना निर्माण गर्छ र भविष्य प्रतिको डरलाई केही हदसम्म आशामा बदल्छ। उपभोग, सामाजिक प्रतिस्पर्धा र ऋणको विस्तार आम्दानी–खर्च असन्तुलनको अर्को पाटो बदलिँदो सामाजिक संस्कार हो। पहिले खर्च मुख्यतः आवश्यकता केन्द्रित थियो। आज आवश्यकता, सुविधा, प्रतिष्ठा, प्रदर्शन र सामाजिक प्रतिस्पर्धा बीचमा गएको छ। सामाजिक सञ्जालले मानिसलाई आफ्नै जीवनसँग मात्र तुलना गर्न छोडेर अरूको जीवनसँग तुलना गर्न बाध्य बनाएको छ। अरूको घर, गाडी, पहिरन, यात्रा, विवाह र जीवनशैली हेर्दै जाँदा आफ्नो जीवन अपूर्ण लाग्न सक्छ। त्यसपछि मानिसले आफ्नो आर्थिक क्षमताभन्दा माथिको जीवनशैली अपनाउन खोज्छ।

ऋण लिएर उत्सव मनाउने, किस्तामा विलासिताका वस्तु खरिद गर्ने, सामाजिक प्रतिष्ठाका लागि अनावश्यक खर्च गर्ने र अरूलाई देखाउन आर्थिक क्षमताभन्दा ठूलो जीवन जिउने प्रवृत्तिले धेरै परिवारलाई दीर्घकालीन ऋणको चक्रमा पुर्‍याएको छ। तर, यहाँ पनि दोषको सम्पूर्ण भार नागरिक माथि थोपर्न मिल्दैन। प्रत्येक आर्थिक संकट गलत खर्चको परिणाम होइन। कसैले विलासिता नअपनाए पनि खाद्यान्न, शिक्षा, स्वास्थ्य र आवासको बढ्दो लागतले उसको आयलाई पछाडि पार्न सक्छ। बजारको चरित्र, राज्यको नियमन र आर्थिक संरचनाको कमजोरी माथि पनि समान गम्भीरताका साथ प्रश्न उठाउनुपर्छ। असन्तुलनको गहिरो जरा आर्थिक संरचनामा नेपालको आर्थिक चुनौती व्यक्तिगत आयको सीमामा मात्र सीमित छैन। यसको जरा उत्पादन, रोजगारी, बजार संरचना र राज्यको आर्थिक व्यवस्थापनसँग गाँसिएको छ। देशभित्र पर्याप्त उत्पादन हुन सकेको छैन। रोजगारीका अवसर सीमित छन्। युवा जनशक्ति विदेशिन बाध्य छन्। कृषि उत्पादन र बजार बीचको सम्बन्ध कमजोर छ।

आयातमा निर्भर अर्थतन्त्रले बाह्य मूल्य वृद्धिको भार प्रत्यक्षरूपमा उपभोक्ता माथि सार्छ। किसानले उत्पादनको उचित मूल्य पाउँदैनन्, उपभोक्ताले सस्तोमा वस्तु किन्न सक्दैनन्। उत्पादन स्थलदेखि उपभोक्ताको भान्सासम्म पुग्दा मूल्यमा हुने अस्वाभाविक अन्तरले बिचौलिया संरचनालाई बलियो बनाउँछ। उत्पादन गर्ने व्यक्ति कमजोर रहन्छ, उपभोग गर्ने नागरिक महँगो मूल्य तिर्न बाध्य हुन्छ र बजारबाट सिर्जित लाभ सीमित समूहमा केन्द्रित हुन्छ। जब उत्पादन गर्ने हातले उचित मूल्य पाउँदैन र उपभोक्ताले उचित मूल्यमा वस्तु प्राप्त गर्न सक्दैन, समस्या केवल बजारको हुँदैन। त्यो नीति, नियमन र वितरण प्रणालीको प्रश्न पनि बन्छ।

### मध्यमवर्ग : कर तिर्ने, तर सुरक्षा नपाउने वर्ग

आम्दानी र खर्च बीचको बढ्दो असन्तुलनको सबै भन्दा जटिल प्रभाव मध्यम वर्गहरूले भोगिरहेका छन्। उनीहरू राज्यका धेरै सुविधा पाउने गरी अत्यन्त विपन्न पनि छैनन्। न त आकस्मिक संकट सहजै धान्न सक्ने गरी सम्पन्न। उसले कर तिर्छ। छोराछोरी पढाउँछ। घर चलाउँछ। सामाजिक दायित्व पूरा गर्छ। स्वास्थ्य उपचारको खर्च बेहोर्छ। अभिभावकको जिम्मेवारी सम्हाल्छ। भविष्यका लागि बचत गर्न खोज्छ। तर महिनाको अन्त्यमा उसको आर्थिक जीवन बारम्बार एउटै प्रश्नमा पुगेर रोकिन्छ।

'अब अर्को महिना कसरी चलाउने?' यो प्रश्न एउटा परिवारको निजी चिन्ता मात्र होइन। यो आर्थिक प्रणालीको प्रभावकारिता माथि उठेको सार्वजनिक प्रश्न हो। आर्थिक संकटको अदृश्य मानसिक मूल्य आर्थिक असन्तुलनको प्रभाव बैंक खातामा मात्र देखिँदैन। यसको असर मानसिक स्वास्थ्य, पारिवारिक सम्बन्ध र सामाजिक व्यवहारमा समेत पर्छ।

ऋणको दबाब, रोजगारीको अनिश्चितता, निरन्तर बढिरहेको खर्च र भविष्य प्रतिको असुरक्षाले मानिसलाई लामो समयसम्म तनावमा राख्छ। बाहिरबाट मुस्कुराइरहेको व्यक्तिभित्र आर्थिक संकटसँग जुधिरहेको हुन सक्छ। आर्थिक दबाबले परिवारमा तनाव बढाउँछ, सम्बन्धमा दूरी ल्याउँछ, आत्मविश्वास कमजोर पार्छ र निर्णय क्षमतामा असर पार्छ। कतिपय अवस्थामा निरन्तर आर्थिक संकटले मानिसलाई गलत निर्णय र जोखिम पूर्ण बाटो तर्फ समेत धकेल्न सक्छ। त्यसैले आर्थिक कठिनाइलाई केवल पैसाको अभाव भनेर बुझ्नु अपूर्ण दृष्टिकोण हो। यो मानवीय गरिमा, सामाजिक स्थायित्व र पारिवारिक सम्बन्धसँग जोडिएको विषय हो। राज्यले आर्थिक विकासको नयाँ हिसाब गर्नुपर्छ।

राज्यले विकासका सूचकहरू प्रस्तुत गर्दा सडक, भवन र बजेट खर्चको विवरण मात्र पर्याप्त हुँदैन। अब नागरिकको वास्तविक जीवनको आर्थिक हिसाब पनि सार्वजनिक बहसको केन्द्रमा आउनुपर्छ। कति स्थायी रोजगारी सिर्जना भयो? कति परिवारको वास्तविक आम्दानी बढ्यो? कति नागरिकले सहज रूपमा उपचार पाए? कति विद्यार्थी आर्थिक अभावका कारण शिक्षाबाट बाहिरिनु परेन? कति परिवारले आकस्मिक संकटका लागि बचत गर्न सके? कति नागरिकले सम्मानपूर्वक जीवन बिताउन सके? यी प्रश्नहरू विकासको वास्तविक मापदण्ड हुन्।

राजनीति सत्ता परिवर्तनको प्रक्रिया मात्र होइन, नागरिकको जीवनमा परिवर्तन ल्याउने माध्यम हो। बजेट केवल आय–व्ययको दस्तावेज होइन, राज्यले आफ्ना नागरिकलाई दिएको प्राथमिकताको ऐना हो। यदि बजेट बढिरहेको छ तर स्थायी रोजगारी सिर्जना भइरहेको छैन भने विकास अधुरो छ। यदि राजस्व बढिरहेको छ तर नागरिकको क्रयशक्ति घटिरहेको छ भने आर्थिक

–बाँकी तीन पेजमा

## अर्थतन्त्रको अदृश्य...

नीतिको पुनर्मूल्याङ्कन आवश्यक छ। यदि आर्थिक वृद्धि भइरहेको छ तर त्यसको लाभ सीमित वर्गमा मात्र केन्द्रित छ भने त्यो वृद्धि समावेशी हुन सक्दैन। नागरिकले पनि आफ्नो आयअनुसार खर्च गर्ने, आवश्यकता र चाहना बीचको भिन्नता बुझ्ने, ऋणको विवेक पूर्ण प्रयोग गर्ने र बचतको संस्कार विकास गर्ने प्रयास गर्नुपर्छ। तर आर्थिक संकटको सम्पूर्ण समाधान नागरिकको व्यक्तिगत अनुशासनबाट मात्र खोज्न मिल्दैन।

जब शिक्षा महँगो हुन्छ, स्वास्थ्य उपचार आर्थिक बोझ बन्छ, आवासको लागत अनियन्त्रित हुन्छ, खाद्यान्नको मूल्य निरन्तर उकालो लाग्छ र रोजगारी अस्थिर रहन्छ, त्यतिबेला व्यक्तिगत मितव्ययिता मात्र पर्याप्त हुँदैन। राज्यले बजारलाई पूर्ण रूपमा नियन्त्रण गर्न आवश्यक छैन, तर बजारको असन्तुलित दबाबबाट नागरिकलाई जोगाउने प्रभावकारी नियमन भने आवश्यक छ। उत्पादन बढाउनुपर्छ। रोजगारी सिर्जना गर्नुपर्छ। कृषि र उद्योग बीच बलियो सम्बन्ध स्थापित गर्नुपर्छ। स्वदेशी उत्पादनलाई प्रतिस्पर्धी बनाउनुपर्छ। शिक्षा र स्वास्थ्यमा राज्यको उत्तरदायित्व सुदृढ गर्नुपर्छ। उपभोक्ता अधिकारको संरक्षण गर्नुपर्छ। मूल्यवृद्धिको वास्तविक कारण पहिचान गरी बजारमा पारदर्शिता कायम गर्नुपर्छ। आर्थिक नीति कागजमा सुन्दर भएर मात्र पुग्दैन, त्यसको परिणाम नागरिकको जीवनमा देखिनुपर्छ।

विकासलाई नागरिकको आँखाबाट हेर्ने समय हामीले आर्थिक वृद्धि खोज्यौँ, तर आर्थिक न्यायलाई पर्याप्त प्राथमिकता दिन सकेनौँ। बजार विस्तार गर्‍यौँ, तर नागरिकको क्रयशक्ति बलियो बनाउन सकेनौँ। भौतिक संरचना निर्माण गर्‍यौँ, तर परिवारको आर्थिक सुरक्षा सुनिश्चित गर्न सकेनौँ। बजेटको आकार बढायौँ, तर धेरै परिवारको जीवनमा महिनाको अन्त्यमा बाँकी रहने रकम बढाउन सकेनौँ। अब अर्थतन्त्रलाई कागजमा होइन, नागरिकको भान्सामा हेर्नुपर्ने समय आएको छ। बजेटलाई भाषणमा होइन, अभिभावकको चिन्तामा बुझ्नुपर्ने बेला आएको छ। विकासलाई तथ्याङ्कमा मात्र होइन, महिनाको अन्त्यमा परिवारको हातमा बाँकी रहेको रकममा पनि मापन गर्नुपर्छ। किनकि एउटा परिवारको वास्तविक समृद्धि त्यतिबेला सुरु हुन्छ, जब आवश्यकताहरू पूरा गरेपछि केही रकम भविष्यका लागि सुरक्षित गर्न सकिन्छ। जब बिरामी पर्दा घर बेच्नुपर्ने अवस्था आउँदैन। जब छोराछोरीको शिक्षा जीवन भरको ऋणमा परिणत हुँदैन। जब रोजगारी गुम्दा परिवारको अस्तित्व नै संकटमा पर्दैन। जब वृद्धावस्था असुरक्षाको पर्याय बन्दैनन्। र जब सामान्य परिवारले भोलिलाई भयले होइन, सम्भावनाले हेर्न सक्छ।

आज आम नागरिकले विलासिताको जीवन मागेका छैनन्। उनीहरूको अपेक्षा यति मात्र हो, मेहनतको कमाइले जीवन धानियोस्। छोराछोरीलाई राम्रो भविष्य दिन सकियोस्। बिरामी पर्दा उपचारको डरले घर नढलोस्। रोजगारी गुम्दा परिवारको अस्तित्व संकटमा नपरोस्। महिनाको अन्त्यमा हात मात्र होइन, मन पनि खाली नहोस्। यति सामान्य देखिने चाहना पूरा गर्न नसक्ने अर्थतन्त्रले आफूलाई जति नै समृद्ध घोषणा गरे पनि नागरिकको मौन जीवनले त्यसको वास्तविकता बताइरहनेछ। किनकि राष्ट्रको वास्तविक अर्थतन्त्र संसद्का भाषणमा मात्र होइन, नागरिकको भान्सामा देखिन्छ। र समृद्धिको सबैभन्दा विश्वसनीय प्रमाण बजेटका पानामा मात्र होइन, महिनाको अन्त्यमा एउटा सामान्य नागरिकको हातमा सुरक्षित रहेको रकममा पनि हुन्छ। केन्द्रबिन्दुबाट

## गोलबजार घटना ...

भएको क्षति, घटनाको पृष्ठभूमि तथा व्यवसायीका गुनासाबारे जानकारी लिएको समितिले जनाएको छ।

समितिले तेस्रो चरणमा मुस्लिम समुदायका प्रतिनिधिहरूसँग छुट्टै बैठक गरी घटनाको कारण, प्रभाव र सामाजिक सद्भाव कायम गर्ने उपायबारे छलफल गरेको गोलबजार नगरपालिकाकाका प्रमुख श्यामकुमार श्रेष्ठले जानकारी दिए। समितिका संयोजक सहसचिव शाहीले सुनसरीमा सुरु भएको घटनाको प्रभाव सिरहाको गोलबजारसम्म कसरी फैलियो ? आन्दोलनका क्रममा गोली चल्नुपर्ने अवस्था किन आयो ? र, गणेश यादवको मृत्यु कसरी भयो ? भन्ने विषयलाई केन्द्रमा राखेर छानबिन भइरहेको बताए।

उनले पहिलो प्राथमिकता गोलीकाण्डको सत्यतथ्य उजागर गर्दै र घटनाको सम्पूर्ण पृष्ठभूमि अध्ययन गरेर प्रतिवेदन गृहमन्त्रालयमा पेस गरिने जानकारी दिए। यस्तै, व्यवसायीको भौतिक संरचना तथा सम्पत्तिमा भएको क्षतिको विवरण स्थानीय प्रशासन र जिल्ला प्रशासन कार्यालयले संकलन गरिरहेको उनले बताए। गोलबजार उद्योग वाणिज्य संघका अध्यक्ष विजय साहले व्यवसायीलाई सुरक्षित वातावरण सिर्जना गर्दै पुरानै अवस्थामा फर्काउने जिम्मेवारी राज्यको भएको बताए।

उनले दोषी जोसुकै भए पनि निष्पक्ष छानबिन गरी कानुनी दायरामा ल्याउन माग गरे। गोलबजार नगरपालिकाका प्रमुख श्रेष्ठले गोलीकाण्डसँगै आन्दोलनका क्रममा व्यवसायीले बेहोरेको क्षतिको पनि छुट्टै छानबिन गरी राज्यले उचित क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने बताए। यसअघि गृहमन्त्री सुधन गुरुङले मृतक गणेश यादवको घरमा पुगेर परिवारसँग सहमति गर्दै घटनाको निष्पक्ष छानबिन गरेर दोषीमाथि कारबाही गर्ने प्रतिबद्धता जनाएका थिए।

## कर्मचारीको...

समानजस्तै रहे पनि बाँकी ६० प्रतिशत उसले काम गर्ने समूहको आधारमा प्रदान हुने जनाइएको छ।

प्रोत्साहन भत्ता पाउन स्वास्थ्य क्षेत्रमा काम गर्ने कर्मचारी या स्वास्थ्यकर्मीहरूलाई पनि उसले कार्यालयमा बिरामीप्रति देखाउने व्यवहार, स्वास्थ्य सुधार जनचेतना अभिवृद्धिमा देखाएका काम, कार्य दक्षता, आचरण लगायतका सबै सूचक मूल्याङ्कन गरेर अङ्क दिइने भएको छ। मन्त्रालयका अनुसार कार्य सम्पादन मूल्याङ्कन भइसकेपछि उक्त कार्यालयले आफूभन्दा माथिल्लो निकायमा पठाउनुपर्ने छ।

डिजिटली हाजिरी नभएको कार्यालयहरूले तत्काल रजिष्टरबाट उपलब्ध भएका हाजिरीबाट मूल्याङ्कन गरे पनि यो कार्यविधि लागु भएसँगै अनिवार्य रूपले डिटिजल हाजिरीको व्यवस्था गर्नुपर्ने मन्त्रालयको भनाइ छ। ३/४ वर्ष यता सरकारी कर्मचारीहरूको तलब, सेवासुविधा वृद्धि नभएको भन्दै कर्मचारीहरूको गुनासो बढिरहेकै बेला वालेन्द्र (बालेन) शाह नेतृत्वको सरकार आएपछि कर्मचारीहरूको तलबमा पुनरवलोकन गरेको हो। साउन महिनाको तेस्रो सातासम्म पनि प्रदेश सरकारबाट कार्यविधि स्वीकृत नभएकाले साउनको तलबमा यो सुविधा पाउने कि नपाउने भन्ने जिज्ञासा कर्मचारीहरूमा बढेको देखिन्छ।

## सिरहामा पनि ...

गोलबजार नगरपालिका–६ का उपभोक्ता मुकेश नायकले बजारमा करिब दुई–तीन महिनादेखि नै ग्यासको अभाव रहे पनि पछिल्लो एक सातायता समस्या झन् गम्भीर बनेको बताए। 'ग्यासको गाडी आउने खबर पाएपछि करिब १२ बजेदेखि लाइनमा बसेको छु। ग्याँस पाइन्छ कि पाइँदैन भन्ने अझै टुंगो छैन,' उनले भने। यस्तै, गोलबजार नगरपालिका–४ का रामउदगार साहले पनि लामो समयदेखि पालो कुर्दै बस्नुपरेको गुनासो गरे। '१२ बजेदेखि लाइनमा छु। भर्खर मात्र ग्यासको गाडी आइपुगेको छ। अब कतिबेला पालो आउला भनेर पर्खिरहेको छु,' उनले भने।

गोलबजार नगरपालिका–३ का योगान्त लामाले बजारमा ग्यासको अभावसँगै मूल्यवृद्धिको मारसमेत उपभोक्ताले खेप्नुपरेको बताए।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# देवानगञ्ज विवादपछि अशान्त बनेको मधेश सामान्य बन्दै



**अनिल मिश्र**

जनकपुर, १९ साउन। बोलबम यात्राका क्रममा डिजे बाजाको विषयलाई लिएर सुनसरीको देवानगञ्जमा भएको विवाद फैलिएर अशान्त बनेको मधेश अब शान्त हुँदै गएको छ। झडपमा चार जना युवाको मृत्यु र प्रदर्शनकारी तथा सुरक्षाकर्मीहरूसमेत घाइते भएपछि सुनसरी हुँदै मधेशसम्म फैलिएको अशान्ति सबै पक्षको संयुक्त प्रयासमा साम्य भएसँगै मधेशको जनजीवन पनि सामान्यतर्फ फर्किएको हो।

सुनसरीको देवानगञ्ज कप्तानगन्जमा साउन १० गते राति दुई समुदायबीच भएको विवाद र त्यसपछि मधेशसम्म फैलिएको तनाव अब सामान्य हुँदैछ। मानिसहरु आफ्नो दैनिक काम र व्यसायमा फर्किन थालेका छन्। मधेशका जिल्लाहरूमा अहिले बजार, कलकारखाना, व्यापारिक प्रतिष्ठान, वित्तीय संस्था, कार्यालयसँगै सवारीसाधनहरू पूर्ववतरूपमा सञ्चालन भइरहेका छन्। भारतसँग जोडिएका सीमानाकामा पनि सर्वसाधारणको आउजाउ सामान्य अवस्थामा फर्किएको छ। सुनसरीबाट साउन १० गते रातिदेखि सुरु भएको आन्दोलन, झडप, कर्फ्यु र निषेधाज्ञा हुँदै झन्डै एक सातासम्म अशान्त बनेको सप्तरी, सिरहा, धनुषा, महरोत्तरीलगायतका जिल्लामा शान्ति सुव्यवस्था कायम राख्न समाजका सचेत वर्गको पहल सार्थक बन्यो।

आपसी सद्भाव, भाइचारा, सहिष्णुता र अमनचयन कायम राख्न स्थानीय प्रशासन, सुरक्षा निकाय, राजनीतिक दल, जनप्रतिनिधि, सामाजिक अगुवा र धर्मगुरुको सार्वजनिक अपिलसहितको संयुक्त प्रयास प्रभावकारी रह्यो। भीड, झडप र थप हिंसा भड्किन नदिन नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र सेनासहितको सुरक्षा परिचालन, सर्वपक्षीय बैठक, सद्भाव र्‍याली त शान्ति बहालमा महत्त्वपूर्ण रह्यरो नै गृहमन्त्री सुधन गुरुङको चार दिनको मधेश बसाइँले पनि सकारात्मक परिणाम दियो।

अहिले मधेशका मुख्य सडकहरूमा सुरक्षा तैनाथी पनि घटाइएको छ भने सडकमा आएको सेना ब्यारेक फर्किसकेको छ। अब मधेश पूर्णरूपमा सामान्य दैनिकिमा फर्किएको प्रदेश सरकारको बुझाइ छ। गृह मन्त्रालयले गठन गरेको छानबिन समितिको प्रतिवेदनअनुसार दोषीलाई सजाय त पाउनै पर्छ सदियौंदेखि सँगै मिलेर बसेको दुई समुदायबीचको विश्वास कायम राख्न र अब फेरि यस्तो स्थिति दोहरिन नदिन गलत तत्वहरूको पहिचान गरी कानुनको दायरामा ल्याउने, अफवाहको पछि नलाग्न सचेत गराउने र आपसी सद्भाव कायम सामाजिकस्तरमै सर्वपक्षीय संवाद र छलफलजस्तो कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउनु उचित हुनेछ।

# ८ महिनादेखि नेतृत्वविहीन परीक्षा बोर्ड

राष्ट्रिय परीक्षा बोर्ड ८ महिनादेखि नेतृत्वविहीन छ। बोर्डमा अध्यक्ष नहुँदा नीतिगत निर्णयमा समस्या भएको गुनासो कर्मचारीहरूले गरेका छन्।

**दिनेश गौतम**

काठमाडौं, १९ साउन। परीक्षा सञ्चालनको जिम्मेवारी पाएको राष्ट्रिय परीक्षा बोर्ड ८ महिनादेखि नेतृत्वविहीन छ। तत्कालीन अध्यक्ष महाश्रम शर्माको कार्यकाल गत १२ पुसमा सकिएपछि बोर्डको अध्यक्ष नियुक्ति हुन सकेको छैन। बालेन शाह नेतृत्वको सरकार बन्नुअघि बोर्ड अध्यक्षका लागि त्रिभुवन विश्वविद्यालय, परीक्षा नियन्त्रण कार्यालयका पूर्वनियन्त्रक पुष्पराज जोशीको नाम सिफारिस भएको थियो। तर, अहिलेको सरकारले नयाँ प्रक्रियाबाट नियुक्त गर्ने भन्दै उक्त सिफारिस खारेज गरेको थियो। त्यसपछि प्रक्रिया अगाडि बढेको छैन।

बोर्डमा अध्यक्ष नियुक्ति नभए पनि माध्यमिक शिक्षा परीक्षा (एसईई) को २९ दिनमा र माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसीई) अर्थात् कक्षा १२ को ४० दिनमा सार्वजनिक भयो। 'छिटो नतिजा निकाल्ने भनेको सरकारले बोर्डको अध्यक्ष दिन ढिला गरेको छ,' बोर्डका कर्मचारीहरूले गुनासो गर्दै भने, 'बोर्डमा यति लामो समय कहिल्यै अध्यक्ष खाली भएको थिएन। ८ महिनासम्म अध्यक्ष नहुँदा नीतिगत निर्णयमा असर परेको छ।' अध्यक्ष नभएकाले उपाध्यक्षलाई अध्यक्षको जिम्मेवारी दिइएको छ। शिक्षा मन्त्रालयका सचिव बोर्डको उपाध्यक्ष हुने नियम छ। हाल शिक्षा सचिव चुडामणि पौडेल छन्।

सचिवलाई जिम्मेवारी दिँदा यस पटक नतिजा छिटो आएको निष्कर्ष मन्त्रालयको छ। 'बाहिरबाट अध्यक्ष नियुक्ति गर्दाभन्दा सचिवको नेतृत्वमा कर्मचारीले काम गरेका कारण नतिजा छिटो आएको हो,' शिक्षा मन्त्रालयको निष्कर्ष छ। तर, कर्मचारीहरू कार्यालयमा अध्यक्ष नहुँदा समस्या आएको गुनासो गर्छन्। 'सचिवज्यूको काम मन्त्रालयमा हुन्छ। सानोठिमीमा समस्या आउँदा सिंहदरबार पुग्नु पर्ने बाध्यता छ,' बोर्डका कर्मचारीले भने, 'अध्यक्ष भएको भए यहींबाट सल्टाउन सकिने थियो।'

यद्यपि, बोर्डका सदस्यसचिव जंगबहादुर अर्याल भने दैनिक कामकाज प्रभावित नभएको बताउँछन्। 'सचिवज्यूले सहज रूपमा काम गर्नु भएको छ। कुनै पनि निर्णय रोकिएको छैन। प्रशासनिक काम पनि प्रभावित भएको छैन,' अर्यालले भने। बोर्डको काम परीक्षा प्रणालीमा देखिएका समस्याको अनुसन्धान तथा मूल्याङ्कन गरी सुधारको कार्यक्रम स्वीकृत गर्ने हो। त्यसैगरी, बोर्डलाई आवश्यक पर्ने जनशक्तिको व्यवस्था, कर्मचारीको दरबन्दी स्वीकृतिका लागि मन्त्रालयमा पेस गर्ने, बोर्डको अभिलेखअनुसार प्रमाणपत्र प्रमाणीकरण गर्ने र गराउने हो।

यी काम गर्न अध्यक्ष भएपछि सहज हुने बताउँछन् पूर्वअध्यक्ष महाश्रम शर्मा। 'अध्यक्ष भएपछि अभिभावकत्त्व हुन्छ। काम गर्न सजिलो हुन्छ,' उनले भने, 'प्रशासनिक काम अध्यक्ष नहुँदा पनि चलेको छ तर नीतिगत निर्णय गर्न अध्यक्ष आवश्यक पर्छ।' उनका अनुसार बोर्डको महत्त्वपूर्ण काम नतिजाको मूल्यांकन गरेर आगामी नीति बनाउनु पनि हो। 'बोर्डको काम परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने मात्र होइन। नतिजामा कति उत्तीर्ण भए, किन घट्यो वा बढ्यो त्यसको मूल्यांकन गर्ने निकाय हो। त्यसैले अध्यक्ष आवश्यक पर्छ,' उनले भने।

परीक्षा बोर्ड स्वायत्त संस्था भएकाले लामो समय अध्यक्ष रिक्त राख्न नहुने तर्क शर्माको छ। 'बोर्ड स्वायत्त निकाय हो। एकेडेमिक संस्था भएकाले अध्यक्षको अभाव खड्किन्छ,' उनले भने, 'यसबीचमा

–बाँकी अन्तिम पेजमा

# कप्तानगञ्ज घटना: घाइते मेहताको उपचारको क्रममा मृत्यु



**जयकृष्ण यादव**

इनरुवा, १९ साउन। सुनसरीको देवानगञ्ज गाउँपालिका–३, कप्तानगञ्जमा साउन १० गते भएको गोलीकाण्डमा गम्भीर घाइते भएका रविन्द्र मेहताको काठमाडौँमा उपचारको क्रममा निधन भएको छ। गोली लागेपछि गम्भीर घाइते हुनुभएका मेहताको प्रारम्भिक उपचार विराटनगरमा गरिएको थियो। त्यहाँ उपचार सम्भव नभएपछि उहाँलाई थप उपचारका लागि काठमाडौँस्थित त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल (टिचिङ अस्पताल)रेफर गरिएको थियो। उपचारकै क्रममा उहाँको निधन भएको पारिवारिक स्रोतलाई उद्धृत गर्दै देवानगञ्ज गाउँपालिका अध्यक्ष बेचनप्रसाद मेहताले जानकारी दिनुभयो।

मेहताको निधनको खबरले देवानगञ्ज र कप्तानगञ्ज क्षेत्रमा शोक छाएको अध्यक्ष मेहताले बताउनुभयो। स्थानीयवासीले घटनाको निष्पक्ष छानबिन गरी दोषीमाथि कडा कारबाही गर्न तथा पीडित परिवारलाई उचित क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन्। स्थानीय विवेक मेहताका अनुसार यस घटनामा मृत्यु हुनेको संख्या तीन पुगेको छ।

# ओभरलोड सवारीले सडक संरचना जोखिममा




**रवीन्द्र उप्रेती**

बर्दिबास, १९ साउन। सडकको क्षमताभन्दा बढी भार बोक्ने मालवाहक सवारीका कारण प्रमुख सडक संरचनामा अर्बौं रुपियाँ बराबरको क्षति पुगेको छ। भार नियन्त्रण प्रणाली प्रभावकारी बन्न नसक्दा राष्ट्रिय राजमार्गदेखि स्थानीय सडकसम्म तीव्र रूपमा जीर्ण बन्दै गएको जनाइएको छ। जिल्ला ट्राफिक प्रहरी कार्यालय बर्दिबासका अनुसार बीपी राजमार्ग, महेन्द्र राजमार्ग, बर्दिबास–जलेश्वर सडक, समसी–गौशाला तथा जनकपुर–भिट्ठामोड सडकमा ओभरलोड मालवाहक सवारीको चाप बढ्दै गएपछि भार नियन्त्रण अभियानलाई तीव्र बनाइएको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय बर्दिबासका निरीक्षक बाबुराम कार्कीका अनुसार आर्थिक वर्ष २०८२/८३ मा तोकिएको क्षमताभन्दा बढी भार बोकेका ३१ वटा मालवाहक सवारीमाथि कारबाही गरिएको छ। ती सवारीबाट सात लाख ९७ हजार ५५४ रुपियाँ जरिवाना असुल गरिएको उहाँले जानकारी दिनुभयो। ट्राफिक प्रहरीका अनुसार कारबाहीमा परेका कतिपय भारतीय मालवाहक ट्रकले ६० टनसम्म भार बोकेको पाइएको छ।

सडक डिभिजन कार्यालय जनकपुरका डिभिजनल इन्जिनियर दरोगाप्रसादका अनुसार मधेशका अधिकांश प्रमुख सडकको भारवहन क्षमता १०.२ मेट्रिक टन मात्रै छ। तर ती सडकमा गुड्ने मालवाहक सवारीले ५० देखि ६० टनसम्म सामान बोक्ने गरेको पाइएको छ। उहाँका अनुसार तौलका आधारमा ढुवानी भाडा निर्धारण हुने भएकाले बढी आम्दानीको लोभमा चालक तथा व्यवसायीले सडकको भार क्षमतालाई बेवास्ता गर्दै अत्यधिक सामान लोड गर्ने गरेका छन्। यसको प्रत्यक्ष असर सडक, पुल तथा कल्भर्टमा परेको छ। अर्बौं रुपियाँ खर्चेर निर्माण गरिएका पूर्वाधार समयअगावै क्षतिग्रस्त भइरहेका छन्।

ट्राफिक प्रहरीले ओभरलोड सवारीमाथिको कारबाहीलाई तीव्र बनाए पनि सीमा क्षेत्रमा रहेका भन्सारलगायत सम्बन्धित निकायबिच प्रभावकारी समन्वय हुन नसकेको देखिएको छ। बीपी राजमार्गमा खटिएका ट्राफिक प्रहरीका अनुसार कतिपय चालकले भन्सार रसिद र प्रज्ञापनपत्र देखाउँदै ट्राफिकले रोक्न नमिल्ने दाबी गर्दै विवाद गर्ने गरेका छन्। यातायात व्यवस्था विभागले जारी गरेको 'मालवाहक सवारीको भारवाहन नियमनसम्बन्धी निर्देशिका, २०७४' अनुसार तोकिएको तौलभन्दा २.५ प्रतिशतसम्म बढी भार भएका सवारीलाई सम्झाइबुझाइ गरी पठाइने र सोभन्दा बढी भार बोकेका सवारीलाई यातायात व्यवस्था कार्यालयमार्फत कारबाही गरिने व्यवस्था छ।

बर्दिबास ट्राफिकका अनुसार सबैभन्दा बढी ओभरलोड बोक्नेमा भारतीय मालवाहक ट्रक रहेका छन्। त्यसपछि ईँटा र काठ ढुवानी गर्ने सवारीको संख्या बढी रहेको ट्राफिक निरीक्षक कार्कीले बताउनुभयो। ओभरलोड सवारीका कारण सडकमा खाल्डाखुल्डी बढ्दै गएको, दुर्घटनाको जोखिम उच्च भएको, ठुला सवारी बिच सडकमै बिग्रिँदा घण्टौँसम्म ट्राफिक जाम हुने तथा हिलो र धुलोका कारण स्थानीय बासिन्दा र यात्रुले दैनिक सास्ती खेप्नुपरेको गुनासो बढ्दै गएको छ।

सडक डिभिजन कार्यालय र ट्राफिक प्रहरीले सडकको दीर्घकालीन संरक्षणका लागि मर्मतसम्भार मात्र पर्याप्त नहुने बताएका छन्। उनीहरूका अनुसार सीमानाकादेखि नै ओभरलोड सवारीमाथि कडाइ, सम्बन्धित निकायबिच प्रभावकारी समन्वय र ट्राफिक नियमको कडाइका साथ कार्यान्वयन भए मात्र समस्या समाधान हुन सक्छ।

## गाउँपालिकाका सूचना अधिकृत एक लाख घुससहित पक्राउ

काठमाडौँ, १९ साउन। नुवाकोटको म्यागङ गाउँपालिकाका सूचना प्रविधि अधिकृत वीरेन्द्र तामाङ एक लाख रुपियाँ घुससहित पक्राउ परेका छन्। अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता सुरेश न्यौपानेका अनुसार तामाङले भुक्तानी रकमको कमिसनमा बार्गेनिङ गर्दै पटक–पटक दुख हैरानी दिइ घुस माग गरिरहेको भन्ने निवेदनको आधारमा आयोगले सेवाग्राहीसँग घुस लिइसकेको अवस्थामा पक्राउ गरेको छ।

काठमाडौँ महानगरपालिका वडा नं १६, बालाजुबाट पक्राउ गरी विशेष अदालतको आदेशबाट भ्रष्टाचार सम्बन्धी मुद्दामा म्याद थप भइ अनुसन्धान प्रक्रिया अघि बढाइएको आयोगले जनाएको छ।

## धनुषा प्रहरीद्वारा ११ जना फरार प्रतिवादी पक्राउ

धनुषा, १९ साउन। जिल्ला प्रहरी कार्यालय धनुषाले अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ११ जना प्रतिवादीलाई पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय धनुषाले सोमबार जारी गरेको प्रेस विज्ञप्तिअनुसार नेपाल सरकार गृह मन्त्रालयअन्तर्गतको फैसला कार्यान्वयन अभियानका क्रममा जिल्ला प्रहरी कार्यालय तथा मातहतका प्रहरी टोलीले खोजतलास गरी फरार प्रतिवादीहरूलाई पक्राउ गरेको हो।

प्रहरीका अनुसार पक्राउ परेकामध्ये सवारी ज्यानका छ जना, लागु औषधमा चार जना, कुटपिट र लुटपिटको एक गरी ११ जना पक्राउ परेका छन् भने एक जनालाई २ वर्ष कैद र २० हजार रुपियाँ जरिवाना, केहीलाई ६ महिना कैद तथा २ हजार रुपियाँ जरिवाना, तथा अन्यलाई २० देखि २८ दिनसम्म कैद सजाय तोकिएको थियो।

पक्राउ परेका सबै प्रतिवादीलाई आवश्यक कानुनी कारबाहीका लागि सम्मानित धनुषा जिल्ला अदालतमा पेश गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ। प्रहरीले अदालतको फैसला कार्यान्वयनलाई प्रभावकारी बनाउन फरार प्रतिवादीहरूको खोजी तथा पक्राउ अभियानलाई निरन्तरता दिने जनाएको छ।

## सवारी दुर्घटनामा दुई जनाको मृत्यु

**देवराम यादव**

सप्तरी, १९ साउन। हुलाकी सडकखण्ड अन्तर्गत सप्तरीको महादेवा गाउँपालिका–१ स्थित महुवा खोलामा सोमबार राति मोटरसाइकल दुर्घटनामा परी दुई जनाको मृत्यु भएको छ। दुर्घटनामा महादेवा गाउँपालिका–१ पकरी राम टोलका अन्दाजी ३७ वर्षीय फैंकन राम र २८ वर्षीय सन्तोष रामको मृत्यु भएको हो।

तीव्र गतिमा रहेको स ०१–००६–प २४९६ नम्बरको मोटरसाइकल पकरीबाट बनौलीतर्फ गइरहेका बैला मोटरसाइकल अनियन्त्रित भई पुलमा ठोकिएर दुर्घटनामा भएको प्रारम्भिक अनुसन्धानबाट खुल्न आएको सप्तरी प्रहरी जनाएको छ। दुर्घटनामा गम्भीर घाइते भएका दुवै जनाको राजविराज स्थित गजेन्द्रनारायण सिंह अस्पताल र विराटनगरमा उपचारको क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ।

मृतक दुबै जनाको शव परिक्षण गरि परिवारको जिम्मा लगाएको तथा घटना बारे थप अनुसन्धान जारी रहेको सप्तरीका प्रहरी प्रवक्ता प्रहरी नायव उपरिक्षक हेमराज घिमिरेले जानकारी दिनुभयो।

> धर्मले मानवता सिकाउँछ,
> घृणा होइन, सम्प्रदायले पहिचान दिन्छ,
> विभाजन होइन।

*८ महिनादेखि ...*

केही विषय मन्त्रीज्यूसँग ठोक्किन पुग्यो। अध्यक्ष भएको भए बोर्डबाट नै समाधान गर्न सहज हुने थियो।'

**कहिले अगाडि बढ्छ प्रक्रिया ?**

शिक्षा मन्त्रालयले बोर्ड अध्यक्षको नियुक्तिको विकल्पमा छलफल गरिरहेको छ। मन्त्रालयका अधिकारीका अनुसार तत्काल अध्यक्ष नियुक्ति नगरी सचिवकै अध्यक्षतामा काम गर्ने योजना पनि छ। 'अध्यक्ष नहुँदा पनि काम रोकिएको छैन। तत्काल अध्यक्षको नियुक्ति नहुन पनि सक्छ,' शिक्षा मन्त्रालयका एक अधिकारीले भने। तर सचिव पौडेल भने अध्यक्षको नियुक्तिको विषय छलफलको क्रममा रहेको बताउँछन्। 'बोर्डको काम भइरहेको छ। नियुक्तिबारे मन्त्रीज्यूसँग सल्लाह गर्नु पर्नेछ,' उनले भने।

नियमअनुसार अध्यक्ष नियुक्तिको लागि सरकारलाई सिफारिस गर्न लोकसेवा आयोगको अध्यक्षको अध्यक्षतामा शिक्षाविद्हरूमध्येबाट कम्तीमा एक जना महिलासहित मन्त्रालयले मनोनयन गरेका दुई जना सदस्य रहेको सिफारिस समिति गठन गर्नु पर्ने हुन्छ। समितिले नाम सिफारिस गरेपछि सरकारले बोर्डको अध्यक्षमा नियुक्ति गर्ने प्रावधान छ।

# सप्तरीमा भ्रामक र उत्तेजक सूचना सम्प्रेषण गर्ने तीन जना पक्राउ

**देवराम यादव**

सप्तरी, १९ साउन। सामाजिक सञ्जालमा उत्तेजक भिडियो तथा भ्रामक सूचना सम्प्रेषण गरेको अभियोगमा सप्तरी प्रशासनले तीन जनालाई नियन्त्रणमा लिएको छ। जिल्ला प्रशासन कार्यालय सप्तरीले शाखा अधिकृत सन्तोष रायको संयोजकत्वमा 'ज्वाइन्ट अपरेसन सेल' गठन गरी यस्ता गतिविधि गर्नेहरूमाथि निगरानी बढाएको जनाएको छ।

निगरानीका क्रममा सामाजिक सञ्जालमा भ्रामक सामग्री पोस्ट गर्ने तीन जनालाई नियन्त्रणमा लिइएकामा दुई जनालाई सम्झाइबुझाइ छाडिएको सहायक प्रमुख जिल्ला अधिकारी तथा सूचना अधिकारी नरेशकुमार यादवले जानकारी दिनुभयो।

प्रशासनका अनुसार तिरहुत गाउँपालिका–४, डिमनका २३ वर्षीय जफिर मियाँ र रूपनी गाउँपालिका–१ का ३९ वर्षीय मुकेश यादवलाई सम्झाइबुझाइ छाडिएको छ। यस्तै राजविराज नगरपालिका–६ का २० वर्षीय छोटुकुमार मेस्तरलाई भने आवश्यक अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालयको नियन्त्रणमा राखिएको छ।

जिल्ला प्रशासन कार्यालयका अनुसार सामाजिक सञ्जालमा उत्तेजक सामग्री पोस्ट गर्ने १० जनाको पहिचान भएको छ। जसमध्ये छिन्नमस्ता गाउँपालिका–३ का आनन्द चौधरी, हनुमाननगर कङ्कालिनी नगरपालिका–१४ का रामकुमार महतो, राजविराज नगरपालिका–६ का २८ वर्षीय विशाल चौधरी, राजविराज–२ स्थित राजदेवी ड्राइभिङ सेन्टरका सञ्चालक ३५ वर्षीय आशिष यादव र सुरुङ्गा नगरपालिका–१०, कदमाहाका दिनेशकुमार यादवले पोस्ट गरेका सामग्री हटाउन लगाइएको छ।

त्यस्तै वैदेशिक रोजगारीमा रहेका व्यक्तिले पनि उत्तेजक सामग्री पोस्ट गर्ने गरेको पाइएको छ। राजविराज नगरपालिका–७ घर भई हाल टर्कीमा रहेका सिनु साह र सुनसरीको हरिनगर गाउँपालिका–६ घर भई कतारमा रहेका २८ वर्षीय असिम अन्सारीले समेत यस्ता सामग्री पोस्ट गरेको भेटिएको प्रशासनले जनाएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक :** कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार:** कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट :** मार्गानुगामी दैनिक **कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक :** न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)